# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### नेपाल राष्ट्र बैंकले लिने आगामी नीतिगत व्यवस्था लगानी मैत्री हुनु पर्ने

(गभर्नर डा. नेपालद्वारा बैंकको पोखरा कार्यालयको स्थलगत भ्रमण)



गभर्नर डा. चिरंजीबि नेपालले २०७२ आषाढ ४ गते पोखरा कार्यालयको स्थलगत भ्रमण गर्नुभयो । भ्रमण पश्चात् आयोजित अन्तरक्रिया कार्यक्रममा मन्तव्य व्यक्त गर्दै गभर्नर डा. नेपालले मुलुकका लागि आवश्यक औपचारिक वित्तीय सेवा सहज रुपमा प्रवाह गर्न नेपाल राष्ट्र बैंक प्रतिबद्ध भई लागिपरेको जानकारी दिनुभयो । विनाशकारी भूकम्पबाट उत्पन्न अप्ठ्यारो परिस्थितिमा पनि कुशलतापूर्वक सेवा प्रदान गरी आफ्नो दायित्व पुरा गरेको र सार्वजनिक क्षेत्रबाट समेत सो कार्यको सराहना भएको पाइएको हुँदा यसमा नेपाल राष्ट्र बैंकका कर्मचारीहरु पनि प्रशंसाका पात्र भएको कुरा बताउनु भयो ।

यस क्षेत्रका जनता र बैंक तथा वित्तीय संस्थाहरूको लागि पोखरा कार्यालय केन्द्रीय बैंकको प्रतिनिधि भएकोले राष्ट्र बैंककै सार्वजनिक छवि राम्रो बनाउन यहाँका कर्मचारीको महत्वपूर्ण भूमिका हुने बताउनु भयो ।

बैंक रहे कर्मचारी रहने, कर्मचारी रहे युनियन रहने भन्नुहुँदै कर्मचारी वर्गबाट पनि हालको जटिल अवस्थालाई मनन् हुनेछ भन्ने अपेक्षा गभर्नर डा. नेपालले राख्नुभयो ।

देशको समष्टिगत आर्थिक स्थितिबारे चर्चा गर्दै गभर्नर डा. नेपालले यो वर्ष मुलुकको आर्थिक वृद्धि न्यून दरमा बढ्ने देखिएको उल्लेख गर्दै हालैको भूकम्पबाट बैंकको कार्यालय भवन क्षतिग्रस्त भएको बैंकका लागि आगामी वर्ष झनै चुनौतीपूर्ण हुने धारणा व्यक्त गर्नुभयो । नेपाल राष्ट्र बैंकले लिने आगामी नीतिगत व्यवस्था लगानी मैत्री हुनु पर्ने अन्यथा विदेशी लगानी आउन कठिन हुने बरु नेपालमा आइसकेका लगानी समेत बाहिरिने सम्भावना हुने उहाँले स्पष्ट पार्नुभयो । पोखरा क्षेत्रको पर्यटन आगमनलाई सुधार गर्न यो क्षेत्र सुरक्षित छ भन्ने सूचना पर्यटन व्यवसायीहरूले प्रवाह गर्नु पर्ने धारणा गभर्नर डा. नेपालले राख्नुभयो ।



यस अघि स्वागत मन्तव्य व्यक्त गर्दै पोखरा कार्यालयका निर्देशक नीलम तिम्सिनाले कार्यालयका गतिविधि बारे जानकारी दिनु भएको थियो ।

अन्तरक्रिया कार्यक्रम पश्चात् कार्यालयमा रहेका विभिन्न युनियनका पदाधिकारीहरूले गभर्नर डा. नेपालसमक्ष आ-आफ्नो समस्या, गुनासा तथा सुझावहरू राख्नुभएको थियो भने ती समस्याको समाधान तथा उचित सुझावहरूको कार्यान्वयन आगामी दिनहरुमा क्रमश: गर्दै लगिने आश्वासन दिनु भयो ।

**२०७२ असार ६, आइतबार** | **गभर्नरको कार्यालय**